# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ७, संख्याः २१, माघ ११ गते, २०८० साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका शिक्षा नियमावली (छैठौं संशोधन), २०८०

कार्यपालिकाबाट पारित मिति: २०८०।१०।८

व्यास नगरपालिका शिक्षा नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुने गरी निम्नानुसार संशोधन गरेको छ :

| क.सं. | साविकमा भएको | संशोधन गर्नुपर्ने |
|---|---|---|
| १. | **२६. सामुदायिक विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था :**<br>(३) **अभिभावकको अभिलेख राख्ने** : १. विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै कानून बमोजिमका संरक्षकको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ ।<br>२. उपनियम (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले कानून बमोजिम संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित शाखाबाट प्रमाणित गराएको हुनु पर्नेछ । | २६ (३) **अभिभावक अभिलेख राख्ने** : विद्यालयमा निरन्तर अध्ययन गरेको विद्यार्थीको अभिभावक मात्र विद्यालय व्यवस्थापन समितिमा पदाधिकारी सदस्य रहन सक्नेछ । विद्यार्थी नियमित नभएमा त्यस्तो विद्यार्थीको अभिभावक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा अभिभावकको हैसियतले प्रतिनिधित्व गर्ने सदस्य कायम रहन सक्नेछैन । एस.ई.ई. वा कक्षा १२ को परीक्षामा उत्तीर्ण भई जाने अभिभावकले बढीमा १ वर्षसम्म मात्र व्यवस्थापन समिति प्रतिनिधित्व गर्न सक्नेछ । |

| क.सं. | साविकमा भएको | संशोधन गर्नुपर्ने |
|---|---|---|
| २. | **२८ व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ । | **व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि :**<br>(१) व्यवस्थापन समितिको बैठक सामान्यतः वर्षको ६ पटक बस्नेछ ।<br>(९) व्यवस्थापन समितिको बैठकमा शिक्षक अभिभावक संघका अध्यक्षलाई पर्यवेक्षकका रुपमा आमन्त्रण गर्न सक्नेछ ।<br>(१०) विद्यालयका बाल विकासका एक छात्र र एक छात्रा विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ । |
| ३. | **२९ व्यवस्थापन समितिको अध्यक्ष हुन नसक्नेः** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :<br>(क) गैर नेपाली नागरिक,<br>(ख) पच्चीस बर्ष उमेर पुरा नभएको,<br>(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,<br>(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,<br>(ङ) माध्यमिक विद्यालयको अध्यक्षको हकमा न्यूनतम एस.एल.सी. वा सो सरह उत्तीर्ण नभएको,<br>(च) आधारभुत विद्यालयको हकमा कक्षा ८ उत्तीर्ण नभएको,<br>(छ) विद्यालयमा पढ्ने नियमित विद्यार्थीको नियम २६ (३) बमोजिमको अभिभावक नभएको<br>नोट : माथि नियम २९ (ङ) र (च) बमोजिमको शैक्षिक योग्यता भएको अभिभावक नभएको खण्डमा अन्य अभिभावक मध्येबाट व्यवस्थापन समितिको छनौट गर्न सकिनेछ । | **२९. व्यवस्थापन समितिको अध्यक्ष हुन नसक्नेः** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :<br>क) गैर नेपाली नागरिक,<br>(ख) पच्चीस वर्ष उमेर पुरा नभएको,<br>(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,<br>(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,<br>(ङ) विद्यायमा पढ्ने नियमित विद्यार्थीको नियम २६ (३) बमोजिमको अभिभावक नभएको<br>(च) व्यास नगरपालिकाको सबै तहका जनप्रतिनिधिहरु,<br>नोटः विद्यालय व्यवस्थापन समितिका सदस्य एवं पदाधिकारीले जेष्ठ सदस्यको अध्यक्षतामा बैठक बसी सात दिनभित्र अभिभावक मध्येबाट एक जनालाई सर्वसम्मत अध्यक्ष छनौट गरी अनुमोदनका लागि नगरपालिकामा पठाउनु पर्नेछ । सर्वसम्मत हुन नसकेमा नेपाली वर्णानुक्रम अनुसार अभिभावक सदस्यहरु मध्येबाट बढीमा तीन जनाको नाम नगरपालिकामा अध्यक्ष समक्ष छनौटका लागि सिफारिस गरी पठाउनु पर्नेछ । नगरपालिकाले छनौट गरेको सदस्य अध्यक्ष हुनेछ । |
| ४. | नियम ५० (२) आधारभूत तहको कक्षा | नियम ५० (२) आधारभूत तहको कक्षा |

| क.सं. | साविकमा भएको | संशोधन गर्नुपर्ने |
|---|---|---|
| | पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको कक्षा ८ सम्मको विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा कम्तीमा ५ वर्ष शिक्षकको रूपमा शिक्षण अनुभव भएको मा.वि. तहको स्थायी शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई कार्यपालिकाको निर्णय बमोजिम तीन वर्षको लागि नगर शिक्षा अधिकारीले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ । स्थायी मा.वि. शिक्षक नभएमा वा स्थायी शिक्षकले प्रधानाध्यापक हुन नचाहेमा अन्य शिक्षक बाट प्रधानाध्यापक नियुक्त गर्न बाधा पुग्ने छैन् । | पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको कक्षा ८ सम्मको विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा कम्तीमा ५ वर्ष शिक्षकको रूपमा शिक्षण अनुभव भएको मा.वि. तहको स्थायी शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई कार्यपालिकाको निर्णय बमोजिम पाँच वर्षको लागि नगर शिक्षा अधिकारीले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ । स्थायी मा.वि. शिक्षक नभएमा वा स्थायी शिक्षकले प्रधानाध्यापक हुन नचाहेमा अन्य शिक्षक बाट प्रधानाध्यापक नियुक्त गर्न बाधा पुग्ने छैन् । |
| ५. | नियम ५० (३) उपनियम (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले अनुसूची ११ बमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्ताव लिई सोही आधारमा नगर शिक्षा अधिकारीसँग तीन वर्षे कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ । एकभन्दा बढी विकास प्रस्ताव भएमा म्रल्याङ्कनको आधार अनुसूची १२ मा लेखिए बमोजिम हुनेछ । | उपनियम (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले अनुसूची ११ बमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्ताव लिई सोही आधारमा नगर शिक्षा अधिकारीसँग तीन वर्षे कार्य सम्पादन मूल्याङ्कन हुने गरी पाँच वर्षे करार सम्झौता गर्नु पर्नेछ । एकभन्दा बढी विकास प्रस्ताव भएमा मूल्याङ्कनको आधार अनुसूची १२ मा लेखिए बमोजिम हुनेछ । |
| ६. | नियम ५० (८) सामुदायिक विद्यालयको प्रधानाध्यापक बिदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत सहायक प्रधानाध्यापक र सहायक प्रधानाध्यापक पनि नभएमा वरिष्ठ शिक्षकलाई निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिने छ :<br>(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,<br>(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,<br>(ग) खण्ड (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको | सामुदायिक विद्यालयको प्रधान अध्यापक बिदामा बसेमा वा कुनै कारणले पद रिक्त भएमा अर्को व्यवस्था नभएसम्म साविक प्र.अ. वा सहायक प्रधान अध्यापक वा वरिष्ठ शिक्षकलाई कार्यवाहक वा निमित्त प्रधान अध्यापक तोक्ने अधिकार व्यवस्थापन समितिलाई हुनेछ । शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिने छ :<br>(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,<br>(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,<br>(ग) खण्ड (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको |

| क.सं. | सावकमा भएको | संशोधन गर्नुपर्ने |
|---|---|---|
| | अस्थायी नियुक्ति मितिको आधारमा,<br>(घ) खण्ड (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा,<br>तर खुला, कार्यक्षमता मूल्याङ्कन, आन्तरिक वढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता, आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ। | अस्थायी नियुक्ति मितिको आधारमा,<br>(घ) खण्ड (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा,<br>तर खुला, कार्यक्षमता मूल्याङ्कन, आन्तरिक वढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता, आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ। |

**आज्ञाले**
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत